२०८१ जेठ २ गते तदनुसार May 15, 2024 बुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. कार्यविधि पारित गर्ने सम्बन्धमा ।

क. एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ख. सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ग. मानेभञ्ज्याङ गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

२. बेरोजगार व्यक्तिको सूचीकरण सम्बन्धमा ।

३. जग्गा रजिष्ट्रेसन सम्बन्धमा

४. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

५. "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र प्रदान सम्बन्धमा ।

६. स्थानीय पाठ्यक्रम निर्माण समिति अनुमोदन तथा स्थानीय विषयको नामाकरण सम्बन्धमा ।


७. बैंक जमानत जफत गरी कालोसूचीको लागि लेखी पठाउने सम्बन्धमा ।

८. खानेपानी तथा सरसफाई समन्वय समिति गठन सम्बन्धमा ।

९. आर्थिक सहयोग सम्बन्धमा ।

१०. घरेलुसँगको सहकार्यमा सञ्चालन हुने तालिम सम्बन्धमा ।

११. शोधबृत्ति सहयोग सम्बन्धमा ।



CamScanner

**बैठकका निर्णयहरु:**

निर्णय नं.१: आजको कार्यपालिका बैठकमा तपसिल अनुसारको कार्यविधिहरुमाथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।  तपसिल:

क. एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ख. सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ग. मानेभन्ज्याङ गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं.-२: आगामी आ.व. २०८१/८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन आफ्नो स्थायी बसोवास भएको सम्बन्धित वडा कार्यालयमा आवेदन दिएका व्यक्तिहरुमध्ये वडा कार्यालयको सिफारिस सहित प्राप्त आवेदन मध्ये "बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६" बमोजिम बेरोजगार ठहर हुन आवश्यक मापदण्ड पूरा गरेका ५५९ जना व्यक्तिहरुलाई बेरोजगारको सूचीमा सूचीकृत गर्ने निर्णय गरियो । साथै, सूचीकृत कुनै व्यक्तिको सम्बन्धमा बेरोजगार ठहर हुन आवश्यक मापदण्ड विपरित पाइएमा वा कुनै व्यक्ति रोजगारी वा स्वरोजगारीमा आवद्ध भएमा सम्बन्धित वडाध्यक्षसँगको परामर्शमा रोजगार सेवा केन्द्रले निजलाई "रोजगार व्यवस्थापन सूचना प्रणाली" बाट निष्क्रिय बनाउने निर्णय गरियो।

निर्णय नं.-३: यस गाउँपालिकाको वडा नं ७ (साविक टोक्सेल गा.वि.स. वडा नं. २) स्थायी वतन भएको तल उल्लेखित जग्गा धनीहरुले मालपोत कार्यालय ओखलढुङ्गामा रजिष्ट्रेसन दर्ता कायम रहेको ऐ. ऐ वडाको तपसिलमा उल्लेखित विवरणको जग्गा ७ नं. वडा कार्यालय टोक्सेल ओखलढुङ्गाको नाममा सशुल्क रुपमा उपलब्ध गराउनु भए बमोजिम उक्त जग्गा ७ नं. वडा कार्यालयको नाममा निशुल्क जग्गा रजिष्ट्रेसन पासको लागि मालपोत कार्यालय ओखलढुङ्गालाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | जग्गाधनिको नामथर | कित्ता नं. | क्षेत्रफल | उपलब्ध गराउने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा देवी खनाल | २७५ | ३-७-०-० | १-०-०-० | |
| २ | असक कुमारी श्रेष्ठ | ४१३ | ०-१४-३-३ | ०-१४-३-३ | |
| ३ | बुद्धिनारायण श्रेष्ठ | ४१२ | ०-१४-३-३ | ०-१४-३-३ | |
| ४ | दान बहादुर गिरी | ३९० | ०-७-०-० | ०-७-०-० | |
| ५ | दान बहादुर गिरी | ३९३ | ०-६-२-२ | ०-६-२-२ | |
| ६ | दुर्योधन गिरी | ३९४ | ०-१३-२-२ | ०-१३-२-२ | |
| ७ | रंगलाल गुरुङ | ४९६ | ०-८-०-० | ०-८-०-० | |
| ८ | रियलान्स कम्पनी | ३६८ | ०-८-०-० | ०-८-०-० | |
| ९ | गोपाल श्रेष्ठ/ हर्क बहादुर श्रेष्ठ | ४०० | १-४-०-० | १-०-०-० | |
| १० | यसोदा देवी गौतम | ३९९ | १-१४-०-० | १-०-०-० | |
| ११ | कृष्ण बहादुर गिरी | ४१५ | १-८-०-० | १-८-०-० | |

CamScanner

निर्णय नं.-४: गाउँ शिक्षा समितिको मिति २०८०/१२/२६ गतेको बैठकको निर्णय नं. २, ३ र ५ तथा शिक्षा समितिको मिति २०८१/२/२ को निर्णय नं. ४, ५, ६ र ९ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: यस गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी बनेको कार्यविधिको अनुसूची ५ बमोजिम योग्यता पुगेको निर्माण व्यवसायीको हकमा इजाजत पत्र दिन मिल्ने व्यवस्था रहेको र यस गाउँपालिकामा "यस भिजन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि." ले इजाजत पत्र पाउँ भनी आवश्यक कागजात सहित पेश भएको निवेदन उपर प्राविधिक शाखाबाट कार्वाही भएर गउँ कार्यपालिका उपर टिप्पणी पेश हुन आएको साथै सो टिप्पणी तथा आवश्यक कागजातको अध्ययन गरी आजको कार्यपालिका बैठकबाट इजाजत पत्र दिने निर्णय गरियो ।

निर्णय नं.-६: मिति २०८० फागुन २७ गतेका दिन गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा बसेको मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको लागि गठन गरिएको पाठ्यक्रम निर्माण मूल समिति, पाठ्यक्रम निर्माण समिति तथा भाषा तथा सँस्कृति उप समितिलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै, स्थानीय विषय (कक्षा १-८) को नाम "हाम्रो मानेभन्ज्याङ गाउँपालिका" राख्ने निर्णय गरियो ।

निर्णय नं.-७: चालु आ.व. २०८०/८१ मा यस मानेभन्ज्याङ गापाबाट मिति २०८०/११/१ गते Class Room Construction Works (Special Grant), Contract ID MRM/NCB/CRC/10/080/081 र Manebhanjyang-5 Shahari Purvadhar Sadak Nirman (Second) Contract ID MRM/NCB/RC/10/080/081 को खुला बोलपत्र (E-Biding) मार्फत आह्वान गरी मिति २०८०/१२/१ गते बोलपत्र Opening गरी सम्पूर्ण मूल्याङ्कनको कार्य सम्पन्न गर्दा माथी उल्लेखित दुवै ठेक्कामा बोलपत्रदाता श्री विकोन्स्ट्रोफा सक्सेस बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले मिति २०८०/१२/८ गते दुवै ठेक्काको सात दिने आशयको सूचना जारी गर्दा कुनै पनि दावी विरोध पर्न नआएकोले मिति २०८०/१२/१५ गते दुवै ठेक्काको बोलपत्र स्वीकृतिको पत्र जारी गरी १५ दिनभित्र सम्झौताको लागि उपस्थिति हुने भनी जानकारी गरिएको तर मिति २०८०/१२/२९ गतेसम्म पनि सम्झौता गर्न उपस्थित नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ बमोजिम निज कम्पनिको दुवै ठेक्काको बिड बोन्ड जमानत जफत गरी कालोसूचीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं.-८: "मानेभन्ज्याङ गाउँपालिकाको खानेपानी तथा सरसफाई स्वच्छता ऐन, २०८०" को दफा ३८ मा खानेपानी तथा सरसफाइ समन्वय समिति गठन व्यवस्था भए बमोजिम आजको कार्यपालिका बैठकबाट तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क.गाउँपालिका अध्यक्ष - ज्ञानेन्द्र रुम्दाली (अध्यक्ष)

ख. विषयगत समितिबाट जितेन्द्र राई, (३ नं. वडाध्यक्ष) सदस्य

ग. महिला सदस्यबाट बाल कुमारी पुलामी, (कार्यपालिका सदस्य) सदस्य

घ.खानेपानी तथा सरसफाइ महासंघ स्थानीय प्रतिनिधि- अशोक कुमार राई, मोली १, सदस्य

ङ. खानेपानी तथा स्वच्छता क्षेत्रको महिला प्रतिनिधी-

च. खानेपानी तथा सरसफाइ हेर्ने शाखा प्रमुख - बिमला मगर, सदस्य-सचिव

निर्णय नं.-९: तल उल्लेखित व्यक्ति/संघ संस्थालाई तपसिल अनुसारको आर्थिक सहयोग विविध कार्यक्रम र अन्य सामाजिक सहायता भन्ने बजेट शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

क.छैंकु गुम्बा, मानेभन्ज्याङ ४, केत्तुके – गुम्बा पूजा व्यवस्थापन बापत मासिक रु,४,०००/-

<u>ख. मनिसा राई,</u> वडा नं. ३ उँबु, स्व. श्याम कुमार राईको श्रीमती, निज श्याम कुमार राई दुधकोशी नदीमा डुबेर मृत्यु भइ निजको दाहसँस्कार खर्च बापत रु.१५,०००/-

<u>ग. बालकुमारी खत्री,</u> वडा नं. ९ निवासी, क्यान्सर पिडीतलाई रु. १०,०००/-

<u>घ. सबिना राई,</u> वडा नं. ६ निवासी –टिवी रोगीलाई रु. १५,०००/-

<u>ङ. एकराज राई,</u> वडा नं.९ निवासी – खुट्टामा गम्भिर संक्रमण भएकोले उपचार सहयोग बापत मिति २०८१/२/१ मा भुक्तानी भएको रु.१५,०००/- लाई अनुमोदन गरियो ।

च. यस गाउँपालिकाको वडा नं. ९ को <u>जागरुक युवा मगर समाजले</u> दशैं तथा तिहारको अवसरमा खेलकुद कार्यक्रम सञ्चालन गरेको र सो कार्यक्रमको लागि आर्थिक सहयोग गरिदिन हुन भनी माग गरेको हुँदा रु.१५,०००/- अक्षरुपी पन्ध्र हजार मात्र दिने निर्णय गरियो ।

निर्णय नं.-१०: घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गाबाट यस गाउँपालिकामा सञ्चालन हुने तालिम तपसिल अनुसार हुने निर्णय गरियो ।तपसिल:

कम्प्युटर मर्मत तालिम –वडा नं. ५ मानेभन्ज्याङ बजारमा सञ्चालन हुने ।

मोवाइल मर्मत तालिम- वडा नं. ४ केत्तुके बजारमा सञ्चालन हुने

निर्णय नं.-११: यस कार्यालयको चालु आ.व. मा विद्यावारिधी शोधबृत्ति शीर्षकमा विनियोजित बजेटबाट उक्त शोधवृत्ति सहयोगको लागि राष्ट्रिय गानका रचनाकार प्रदिप कुमार राई (ब्याकुल माइला) बाट मिति २०८० चैत्र १६ मा संक्षिप्त कार्ययोजना सहितको <u>"मानेभन्ज्याङ गाउँपालिकाको साँस्कृतिक अध्ययन"</u> शीर्षकमा विद्यावारिधी गर्न निवेदन प्राप्त हुन आएकोले निजलाई अनुमति सहित शोधवृत्ति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner